नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
dlsplanningmonitoring@gmail.com

पत्र संख्या:-
चलानी नं.:-

मिति: २०८२/०२/१४

## लम्पी स्किन रोग सम्बन्धी सूचना

लम्पी स्किन रोग गाई भैंसीमा विषाणुबाट लाग्ने अति संक्रामक रोग हो। यो रोग सामान्यतया लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदिको टोकाइबाट सर्छ। साथै सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुसँग प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशुमा समेत सर्छ। छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने भएकोले यस रोगको शीघ्र नियन्त्रण गर्न आवश्यक छ। हाल देशका विभिन्न स्थानमा गाई भैंसीमा लम्पी स्किन रोग देखा पर्न थालेको हुँदा रोगको रोकथाम तथा नियन्त्रण गर्न तपशिल बमोजिमको कार्य गर्न/गराउन हुन यो सूचना सबैमा जानकारीको लागि अनुरोध गरिएको छ।

**तपशिल:**

- स्वस्थ गाई र भैंसीलाई अनिवार्य खोप लगाउने।
- गोठ तथा फार्म परिसरमा नियमित सरसफाई गरी सफा र सुघर राखी लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदि किराको संख्यालाई नियन्त्रण गर्ने।
- गोठ भित्र वा बाहिर ब्लिचिङ्ग पाउडर, फर्मालिन, ग्लुटरअल्डिहाइड लगायतका रसायनहरु प्रयोग गरी नि:सङ्क्रमण गर्ने।
- रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने।
- पशु मरेमा मरेका पशुलाई राम्रोसँग खाडलमा गाड्ने।
- रोग देखा परेको क्षेत्रबाट गाई /भैंसीको ओसारपसार नगर्ने।
- पशुको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र लिएर मात्र गर्ने।
- फार्मको मुख्य प्रवेशद्वार तथा खोर बाहिर नि:सङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्ने।
- नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बथानमा मिसाउने।

पुनश्च: लम्पी स्किन रोग विरुद्धको खोप जिल्ला स्थित पशु सेवा हेर्ने कार्यालय र स्थानीय तहका पशु सेवा शाखाबाट निशुल्क प्राप्त गर्न सकिनेछ।

२०८२/०२/१४

डा. राम नन्दन तिवारी
महानिर्देशक